DeKalb County School District

NEPALI

# **हाइ एचिभर्स म्याग्नेट कार्यक्रम**

## **योग्यता तथा पुनारम्भ निर्देशिकाहरू**

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट ले अभिभावकहरूलाई आफ्नो बच्चाको घरमा अध्ययन गर्ने अनुभवहरूका साथसाथै विद्यालय क्रियाकलापहरूमा स्वेच्छाले संलग्न हुनका लागि दृढतापूर्वक प्रोत्साहन गर्छ।

- **इलिमेन्टरी स्कूल कार्यक्रमको योग्यता:** हाइ एचिभर्स म्याग्रेट कार्यक्रमका लागि सम्पूर्ण आवेदकहरूको मुख्य विषयहरूमा 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसत (GPA) हुनुपर्छ। 4 - 6 ग्रेडमा वृद्धि गर्ने डेकाल्बका विद्यार्थीहरूले वर्तमान विद्यालय वर्षमा लिइएको **आधाररेखा** (पहिलो) M.A.P मूल्याङ्कनमा पनि 75 औं प्रतिशतक (वा उच्च) कूल पठन अङ्क, 75 औं प्रतिशतक (वा उच्च) कूल गणित अङ्क ल्याउनुपर्छ। डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट स्कूलमा नामाङ्कन नगरिएका सबै विद्यार्थीहरूले वर्तमान विद्यालय वर्षमा लिइएको **आधाररेखा** (पहिलो) M.A.P. मूल्याङ्कनमा पनि 75 औं प्रतिशतक (वा उच्च) कूल पठन स्कोर, 75 औं प्रतिशतक (वा उच्च) कूल गणित अङ्क ल्याउनुपर्छ।
- **एलिमेन्टरी स्कूल कार्यक्रममा पुनारम्भ निर्देशिकाहरू:** उच्च उपलब्धि प्राप्त गर्नका लागि म्याग्नेट कार्यक्रममा नामाङ्कन हुने इलिमेन्टरीका विद्यार्थीहरूले प्रत्येक वर्षको कार्यक्रममा मुख्य विषयहरूमा 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसत (GPA) कायम राख्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। परीक्षा अवधिभर शैक्षिक कार्यसम्पादन मापदण्डभन्दा कम GPA भएको कुनै पनि विद्यार्थीलाई सहायता योजनाहरू उपलब्ध गराइनेछ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुई सेमेस्टरहरू पछि 3.0 GPA नभएका विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र तिनीहरू आफ्नो गृहमा नामांकन हुनुपर्छ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रवर्द्धनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइनेछ र गृह विद्यालयमा फिर्ता पठाइने छ।
- **मिडल र हाइ स्कूल कार्यक्रम योग्यता:** हाइ एचिभर्स म्याग्नेट कार्यक्रमका सबै आवेदकहरूको फल सेमेस्टरका मुख्य विषयहरूमा 3.0 (वा उच्च) ग्रेड पोइन्ट औसत (GPA) ल्याएको हुनुपर्छ । 7 -9 ग्रेडमा वृद्धि गर्ने डेकाल्बका विद्यार्थीहरूले वर्तमान विद्यालय वर्षमा लिइएको **आधाररेखा** (पहिलो) M.A.P मूल्याङ्कनमा पनि 75 औं प्रतिशतक (वा उच्च) कूल पठन स्कोर, 75 औं प्रतिशतक (वा उच्च) कूल गणित स्कोर ल्याउनुपर्छ।

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट स्कूलमा नामाङ्कन नगरिएका सबै विद्यार्थीहरूले वर्तमान विद्यालय वर्षमा लिइएको **आधाररेखा** (पहिलो) M.A.P. मूल्याङ्कनमा पनि 75 औं प्रतिशतक (वा उच्च) कूल पठन स्कोर, 75 औं प्रतिशतक (वा उच्च) कूल गणित अङ्क ल्याउनुपर्छ। हाइ स्कूलको हाइ एचिभर्स म्याग्नेट कार्यक्रमका लागि आवेदन दिने विद्यार्थीहरूले पनि ग्रेड स्तर महत्त्वपूर्ण कोर्सहरू सफलतापूर्वक पूरा गरेको हुनुपर्छ।

- **मिडल तथा हाइ स्कूल कार्यक्रममा पुनारम्भका निर्देशनहरू:** उच्च उपलब्धि प्राप्त गर्नका लागि म्याग्नेट कार्यक्रमहरूमा नामाङ्न गरिएका मिडल तथा हाइ स्कूलका विद्यार्थीहरूले समग्रमा 3.0 वा उच्च मुख्य ग्रेड पोइन्ट औसत (GPA), सबै मुख्य विषयहरूमा 71 को सङ्ख्यात्मक न्यूनतम ग्रेड कायम राख्नुपर्छ र हरेक सेमेस्टरमा प्रवर्द्धनको मापदण्डलाई पूरा गर्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ। समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत, सबै मुख्य विषयहरूमा 71 को न्यूनतम सङ्ख्यात्मक ग्रेड कायम नराख्ने र दुईवटा लगातारका सेमेस्टरहरूका लागि प्रत्येक सेमेस्टरको प्रवर्द्धन मापदण्ड पूरा नगर्ने विद्यार्थीहरूले म्याग्नेट कार्यक्रम छोड्नुपर्छ र आफ्नो गृह विद्यालयमा नामाङ्कन हुनुपर्छ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रवर्द्धनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइने छ र गृह विद्यालयमा फिर्ता पठाइने छ।

- **लटरी योग्यतामा दाजुभाइ दिदीबहिनीको प्राथमिकतासम्बन्धी निर्देशिका:** अनियमित विद्यार्थी चयन लटरी प्रक्रियामा सहभागिताको लागि भिन्न समयमा जन्मिएका सहोदरहरूलाई मात्र लिङ्क गरिएको छ। यसका साथै, दुबै सहोदरहरू प्राथमिकताको लागि योग्य हुन योग्यता मापदण्ड पूरा गरेको हुनुपर्छ।

- **नोट:** आवेदकले म्याग्नेट कार्यक्रम सिट स्थान नियोजन प्रस्ताव अस्वीकार गर्दा, विद्यार्थी अर्को खुला नामाङ्कनसम्म म्याग्नेट कार्यक्रममा स्थान नियोजनको लागि आवेदन दिन योग्य हुने छैनन्।

- वर्तमान विद्यालय वर्षको लागि **आधाररेखा M.A.P. अंकहरू** M.A.P. मूल्याङ्कनको पहिलो सञ्चालनबाट लिइएका हुन्।

DeKalb County School District

NEPALI

## (विशेष इच्छुक म्याग्रेट कार्यक्रम) Special Interest Magnet Program

## योग्यता तथा पुनारम्भ निर्देशिकाहरू

डेकाल्ब काउन्टी स्कूल डिस्ट्रिक्ट ले दृढतापूर्वक अभिभावकहरूलाई आफ्नो बच्चाको घरमा अध्ययन अनुभवहरूका साथसाथै विद्यालय क्रियाकलापहरूमा स्वेच्छाले संलग्न हुन प्रोत्साहन गर्छ।

- **इलिमेन्टरी स्कूल कार्यक्रमको योग्यता:** Special Interest Magnet Programs (अर्थात्, गणित, विज्ञान, प्रदर्शनी कला, प्रविधि आदि) का लागि आवेदकहरूको मुख्य विषयहरूमा समग्रमा 80 (3.0 GPA) को फल सेमेस्टर सङ्ख्यात्मक औसत हुनुपर्छ। प्रि-किन्डरगार्टन र किन्डरगार्टनको विद्यार्थी आवेदकहरूले योग्यता मापदण्ड पूरा गर्नुपर्दैन।
- **एलिमेन्टरी स्कूल कार्यक्रममा पुनारम्भ निर्देशिकाहरू:** Special Interest Magnet Program मा नामाङ्कन भएका प्राथमिक तहका विद्यार्थीले शैक्षिक वर्षभरि नै मुख्य विषयहरूमा समग्रमा 80 (3.0 GPA) को सङ्ख्यात्मक औसत कायम गर्नु पर्दछ । शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिन्छ। परीक्षणकालको अवधिभरि 3.0 भन्दा कम GPA भएका विद्यार्थीहरूलाई सहायता योजनाहरू उपलब्ध गराइनेछ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। दुईवटा लगातारका ग्रेडिङ अवधि वा दुई सेमेस्टरहरूको अन्त्यमा समग्रमा 80 को सङ्ख्यात्मक औसत (3.0 GPA) कायम नगर्ने विद्यार्थीहरूले म्याग्रेट कार्यक्रम छोड्नुपर्छ र आफ्नो गृह विद्यालयमा नामाङ्कन हुनुपर्छ । <u>विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रवर्द्धनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्रेट कार्यक्रमबाट हटाइने छ र गृह विद्यालयमा फिर्ता पठाइने छ।</u>
- **मिडल र हाइ स्कूल कार्यक्रम योग्यता:** सबै आवेदकहरूले फल सेमेस्टरका मुख्य विषयहरूमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA) ल्याउनु पर्दछ।
- **मिडल तथा हाइ स्कूल कार्यक्रममा पुनारम्भका निर्देशनहरू:** Special Interest Magnet Program हरूमा नामाङ्कन गरिएका मिडल तथा हाइ स्कूलका विद्यार्थीहरूले समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत, सबै मुख्य विषयहरूमा 71 को सङ्ख्यात्मक न्यूनतम ग्रेड कायम राख्नुपर्छ र शैक्षिक वर्षभरि नै प्रवर्द्धनको मापदण्डलाई पूरा गर्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ।

समग्रमा 3.0 को सङ्ख्यात्मक ग्रेड पोइन्ट औसत, सबै मुख्य विषयहरूमा न्यूनतम रूपमा 71 अङ्कको ग्रेड कायम नगर्ने र लगातारका दुई ग्रेडिङ अवधि वा दुई सेमेस्टहरूको अन्त्यमा प्रवर्द्धनको मापदण्ड पूरा नगर्ने विद्यार्थीहरू म्याग्नेट कार्यक्रमबाट बाहिरिनु पर्दछ र आफ्नो गृह विद्यालयमा नामाङ्कन हुनु पर्दछ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रवर्द्धनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइने छ र गृह विद्यालयमा फिर्ता पठाइने छ। **नोट:** म्याग्नेट कार्यक्रममा नामाङ्कन भएका विद्यार्थीहरूले म्याग्नेट क्रेडिट वा म्याग्नेट कार्यक्रमको डिप्लोमा सिल प्राप्त गर्न आवश्यक म्याग्नेट वा स्वीकृत कलेज स्तरका पाठ्यक्रमहरू पूरा गर्नुपर्छ।

- **डेकाल्ब स्कूल अफ आर्ट कार्यक्रमको पुनारम्भ निर्देशिका (ग्रेड 8 – 12):** नामाङ्कन गरिएका सबै विद्यार्थीहरूले समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), सबै विषयहरूमा 71 को सङ्ख्यात्मक न्यूनतम ग्रेड कायम राख्नुपर्छ र शैक्षिक वर्षभरि नै प्रवर्द्धन मापदण्ड पूरा गर्नुपर्छ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ। अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ। समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), सबै विषयहरूमा 71 को सङ्ख्यात्मक न्यूनतम ग्रेड कायम नगर्ने र लगातारका दुईवटा ग्रेडिङ अवधि वा दुई सेमेस्टहरूको अन्त्यमा प्रवर्द्धनको मापदण्ड पूरा नगर्ने विद्यार्थीहरू म्याग्नेट कार्यक्रमबाट बाहिरिनु पर्दछ र आफ्नो गृह विद्यालयमा नामाङ्कन हुनु पर्दछ । विद्यार्थीहरूले प्रत्येक विद्यालय वर्षमा दुईवटा कार्यसम्पादन क्रेडिटहरू पनि पूरा गर्न आवश्यक हुन्छ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रवर्द्धनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइने छ र गृह विद्यालयमा फिर्ता पठाइने छ।

- **अरेबिया माउन्टेन हाइ स्कूल कार्यक्रम पुनारम्भ कार्यक्रमको निर्देशिकाहरू –** नामाङ्कन भएका सबै विद्यार्थीहरूले अनिवार्य रूपमा तोकिएको पहिरन लगाउनु पर्दछ, सामुदायिक सेवामा 20 घण्टा बिताउनु पर्दछ, समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), सबै विषयहरूमा 71 को न्यूनतम सङ्ख्यात्मक ग्रेड कायम गर्नु पर्दछ र शैक्षिक वर्षभरि नै प्रवर्द्धनको मापदण्ड पूरा गर्नु पर्दछ । सिनियरहरूले आफ्नो अध्ययनको मुख्य कार्यक्रमसँग सम्बन्धित विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) परियोजना पनि पूरा गर्नुपर्छ। विद्यार्थीहरू शैक्षिक प्रतिस्पर्धामा सहभागी हुनुपर्छ र विद्यार्थी सङ्गठनहरू र/वा क्लबहरूमा सहभागी हुनुपर्छ। अभिभावकहरूले प्रत्येक विद्यालय वर्षमा अभिभावकीय संलग्नता सेवामा 10 घण्टा बिताउनु पर्दछ। शैक्षिक कार्यसम्पादन मापदण्ड कायम नराख्ने विद्यार्थीहरूलाई एउटा सेमेस्टरको लागि परीक्षणकालमा राखिने छ।

अभिभावकहरू सबै सम्मेलनहरूमा उपस्थित हुन आवश्यक छ। शैक्षिक कार्यसम्पादन मापदण्ड पूरा नगर्ने कुनै पनि विद्यार्थीको लागि सहायता योजनाहरू उपलब्ध गराइनेछ। समग्रमा 3.0 वा उच्च ग्रेड पोइन्ट औसत (GPA), सबै विषयहरूमा 71 को न्यूनतम सङ्ख्यात्मक ग्रेड कायम नगर्ने र लगातारका दुईवटा ग्रेडिङ अवधि वा दुई सेमेस्टहरूको अन्त्यमा प्रवर्द्धनको मापदण्ड पूरा नगर्ने विद्यार्थीहरू म्याग्नेट कार्यक्रमबाट बाहिरिनु पर्दछ र आफ्नो विद्यालयमा नामाङ्कन हुनु पर्दछ । विद्यार्थीहरूले प्रत्येक विद्यालय वर्षमा दुईवटा कार्यसम्पादन क्रेडिटहरू पनि पूरा गर्न आवश्यक हुन्छ। विद्यालय वर्षको कुनै पनि समयावधिमा विद्यार्थीले प्रवर्द्धनको मापदण्ड पूरा गर्दैनन् भने, विद्यार्थीलाई म्याग्नेट कार्यक्रमबाट हटाइने छ र गृह विद्यालयमा फिर्ता पठाइने छ।

- **लटरी योग्यतामा दाजुभाइ दिदीबहिनीको प्राथमिकतासम्बन्धी निर्देशिका:** अनियमित विद्यार्थी चयन लटरी प्रक्रियामा सहभागिताको लागि भिन्न समयमा जन्मिएका सहोदरहरूलाई मात्र लिङ्क गरिएको छ। यो निम्नको सिटमा आवेदन दिने आवेदकहरूका लागि लागू हुँदैन
    - 4-7 ग्रेडमा डेकाल्ब इलिमेन्टरी स्कूल अफ आर्ट
    - डेकाल्ब इलिमेन्टरी स्कूल अफ आर्ट (ग्रेड 8-12)
    - अरबिया माउन्टेन हाई स्कूल – भिन्न समयमा जन्मिएका सहोदरहरूले भिन्न समयमा जन्म भएको सहोदर प्राथमिकताको लागि योग्य हुन एउटै ग्रेड स्तर र एउटै कार्यक्रममा सिटको लागि आवेदन दिनुपर्छ। यसका साथै, दुबै सहोदरहरू प्राथमिकताको लागि योग्य हुन योग्यता मापदण्ड पूरा गरेको हुनुपर्छ।

**नोट:**

- आवेदकले म्याग्नेट कार्यक्रम सिट स्थान नियोजन प्रस्ताव अस्वीकार गर्दा, विद्यार्थी अर्को खुला चयन/लटरी अवधिसम्म म्याग्नेट कार्यक्रममा स्थान नियोजनको लागि आवेदन दिन योग्य हुने छैनन्।
- म्याग्नेट कार्यक्रममा नामाङ्कन भएका विद्यार्थीहरूले म्याग्नेट क्रेडिट वा म्याग्नेट कार्यक्रमको डिप्लोमा सिल प्राप्त गर्न आवश्यक म्याग्नेट वा स्वीकृत कलेज स्तरका पाठ्यक्रमहरू पूरा गर्नुपर्छ।